**गाउँपालिका तथा नगरपालिकाको वडाको संख्या निर्धारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

प्रस्तावना: गाउँपालिका तथा नगरपालिकामा रहने वडाको संख्या निर्धारण तथा हेरफेर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका–संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्तनाम र प्रारम्भ : (१) यस ऐनको नाम"गाउँपालिका तथा नगरपालिकाको वडाको संख्या निर्धारण ऐन, २०७३" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

२. परिभाषा:विषयवा प्रसङ्गले अन्यथाअर्थ नलागेमा यस ऐनमा,–

(क) "गाउँपालिका"भन्नाले संविधान बमोजिम स्थापना हुने गाउँपालिका सम्झनु पर्छ।

(ख) "नगरपालिका"भन्नाले संविधान बमोजिम स्थापना हुने नगरपालिका सम्झनुपर्छ।

(ग) "वडा"भन्नाले दफा ३ बमोजिम निर्धारण गरेको वडा सम्झनु पर्छ।

(घ) "संविधान"भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. वडाको संख्या, सीमाना र केन्द्र : (१) नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकामा रहने वडाको संख्या निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम वडाको संख्या निर्धारण गर्दा वडाको सीमाना तथा केन्द्र रहने स्थान समेत तोक्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भएपछि पहिलो पटकका लागि गाउँपालिका तथा नगरपालिकाको वडाको संख्या निर्धारण गर्दा र वडाको सीमाना र केन्द्र तोक्दा संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठन गरिएको आयोगको सिफारिस समेतलाई आधार लिन सकिनेछ।

(४) नेपाल सरकारले यस दफा बमोजिम गाउँपालिकामा कम्तीमा पाँच र बढीमा एक्काईस तथा नगरपालिकामा कम्तीमा नौं र बढीमा पैंतीस हुने गरी वडाको संख्या निर्धारण गर्नु पर्नेछ।

४. वडाको संख्या निर्धारण गर्ने तथा सीमाना र केन्द्र तोक्ने आधार: नेपाल सरकारले वडाको संख्या निर्धारण गर्दा र त्यसको सीमाना तथा केन्द्र तोक्दा देहायका आधार लिनेछ : –

(क) गाउँपालिका वा नगरपालिकाको जनसंख्या तथा जनसंख्या वितरणको अवस्था,

(ख) गाउँपालिका वा नगरपालिकाको भौगोलिक अनुकुलता तथा विशिष्टता,

(ग) गाउँपालिका वा नगरपालिकामा सेवा सुविधा वितरणको अवस्था र सहजता,

(घ) गाउँपालिका वा नगरपालिकामा रहेको भौतिक पूर्वाधार, र

(ङ) नेपाल सरकारले उपयुक्त ठानेको अन्य कुनै आधार ।

५. वडाको संख्या र सीमाना हेरफेर गर्न सक्ने: (१) नेपाल सरकारले दफा ३ बमोजिम निर्धारण गरिएको वडाको संख्या र सीमाना आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वडाको संख्या र सीमाना हेरफेर गर्दा दफा ४ मा उल्लिखित आधारहरुलाई अवलम्बन गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि वडाको संख्या र सीमाना हेरफेर गर्नु पर्दा गाउँपालिका र नगरपालिकाको निर्वाचनहुनु भन्दा कम्तीमा एक वर्ष अगावै गरी सक्नु पर्नेछ ।

६. वडाको केन्द्र हेरफेर गर्न सक्ने:(१) नेपाल सरकारले दफा ३ बमोजिम तोकिएको वडाको केन्द्र हेरफेर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वडाको केन्द्र हेरफेर गर्दा गाउँसभा वा नगरसभाको तत्काल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतले स्वीकृत गरी नेपाल सरकार समक्ष सिफारिस गरेको हुनु पर्नेछ ।

तर यो ऐन प्रारम्भ भएपछि पहिलो पटकको लागि गाउँसभा वा नगरसभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतले स्वीकृत गरेको स्थानमा रहने गरी वडाको केन्द्र हेरफेर गर्न नेपाल सरकार समक्ष सिफारिस गर्न सकिनेछ ।

(३) उपदफा (१)बमोजिम वडाको केन्द्र हेरफेर गर्दा आवश्यक पर्ने भौतिक पूर्वाधार लगायत अन्य व्यवस्था सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आफ्नो आन्तरिक आयबाट व्यवस्था गर्नु पर्नेछ ।

७. नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नु पर्ने : नेपाल सरकारले यस ऐन बमोजिम बडाको संख्या निर्धारण गरेको, सीमाना र केन्द्र तोकेको तथा वडाको संख्या, सीमाना र केन्द्र हेरफेर गरेको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।